आर्थिक वर्ष २०८०/८१ प्रदेश सरकार उद्योग कृषि तथा सहकारी मन्त्रालयवाट स्थानीय तहहरुमा वित्तिय हस्तान्तरण मार्फत सशर्त अनुदान कार्यक्रम संचालन सम्बन्धि मार्गदर्शन

स्थानीय तहले सशर्त अनुदानको कार्यक्रम संचालन गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रकाशित कार्यक्रम र परियोजना अनुसार बजेट विनियोजन (कार्यक्रम पुस्तिका) आ.ब. २०८०/८१ को स्थानीय तहमा वित्तिय हस्तान्तरण तर्फ स्वीकृत कार्यक्रममा उल्लेख भएको कार्यक्रम संचालन गर्दा तपशिल अनुसार शर्तहरु पालन गर्नु पर्नेछ ।

तपशिल

१. सर्शत अनुदानको कार्यक्रम संचालन गर्दा स्थान तथा सेवाग्राही छनौट गर्नु पर्ने भएमा सम्वन्धित स्थानीय तहको प्रचलित नियम/कानुन अनुसार गर्नुपर्नेछ।
२. कार्यक्रम संचालन सम्बन्धमा प्रदेश सरकार जिल्लामा स्थित कृषि ज्ञान केन्द्र/भेटेनरी अस्पतालन तथा पशु सेवा विज्ञ केन्द्रसँग समन्वय गर्नुपर्नेछ।
३. कार्यक्रम संचालन स्थलमा प्रदेश सरकार र स्थानीय सरकारको लागत सहभागिता रकम सहित खुलेको होडिङ्ग वोड अनिवार्य रुपमा राख्नु पर्नेछ।
४. सशर्त अनुदानको रकमवाट सामाजिक परिचालक तथा प्राविधिक राख्न, भ्रमण भत्ता/अन्य भत्ता, मसलन्द लगायतका साधारण खर्चहरुमा प्रयोग गर्न पाईने छैन।
५. शशर्त अनुदानको रकम अन्य अनुदान तथा श्रोतवाट संचालनमा रहेका आयोजनामा दोहोरो पर्ने कार्यहरुमा खर्च गर्न पाईने छैन।
६. सशर्त अनुदानवाट संचालन गरिने कार्यक्रमहरुमा स्थानीय तह वा सम्बन्धित लाभग्राहीको तर्फवाट अनिवार्य रुपमा न्यूनतम पच्चीस प्रतिशत लागत सहभागिता समावेश गर्नुपर्नेछ ।
७. कार्यक्रम संचालन गर्दा कुनै प्रकारका कृषि उत्पादन सामाग्री तथा औजार, यन्त्र तथा उपकरण खरिद, पुर्वाधार संरचना निर्माण गर्नुपरेमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार खरिद गर्नुपर्नेछ ।
८. सशर्त अनुदानवाट संचालन गरिने कार्यक्रमहरुवाट स्थायी प्रकृतिका सार्वजनिक प्रयोजनामा आउने पुर्वाधारहरु कृषि/पशुपंक्षी बजार, कृषि हाट निर्माण, पशु अस्पताल लगायत आदि निर्माण गर्नु परेमा सार्वजनिक जग्गा वा सहकारीको नाममा दर्ता रहेको जग्गामा मात्र निर्माण गर्ने गराउनु पर्नेछ ।
९. स्थानीय तहले सशर्त अनुदानवाट संचालन गर्ने योजना आ.ब. २०८०/८१ असार मसान्त सम्म सम्पन्न गरि हिसाब फरफारक गर्नुपर्नेछ। सो अवधि भित्र योजना सम्पन्न नभएमा बाँकि कार्यका लागि उद्योग कृषि तथा सहकारी मन्त्रालयबाट अर्को आर्थिक बर्षमा थप बजेटको व्यवस्था गरिने छैन।
१०. सशर्त अनुदानवाट संचालित योजनाको उद्धेश्य अनुरुप संचालन नभएमा, काममा आवश्यक गुणस्तर नदेखिएमा, समयमा कार्य सम्पन्न हुने नदेखिएमा वा कुनै कारणले योजना कार्यान्वयनमा कुनै सुधार गर्नुपर्ने देखिएमा मन्त्रालयले सम्वन्धित स्थानीय तहलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना सम्बन्धित स्थानीय तहले अनिवार्य रुपमा गर्नुपर्नेछ।



सचिव

११. सम्बन्धित कार्यक्रम सम्बद्ध प्राविधिक मापदण्डहरु यसै साथ समावेश गरिएको छ । कार्यक्रम संचालन गर्दा आवश्यक अनुसार नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कोशी प्रदेश उद्योग कृषि तथा सहकारी मन्त्रालयबाट प्रकाशित प्राविधिक र आर्थिक मापदण्डहरुलाई समेत आधार मान्न सकिनेछ ।

कार्यक्रम अनुसारको प्राविधिक मापदण्ड

१. पशुपंक्षीको खोपका लागि लजिष्टिक खरिद तथा प्राविधिक पारिश्रमिक खर्च

यस कार्यक्रम अन्तर्गत पशुपन्छीको खोपका लागि आवश्यक पर्ने व्यवस्थापकिय सामाग्री खरिद (सिरिन्ज,निडल लगायत आवश्यक सामानहरु), पशुपन्छीलाई खोप लगाउने प्राविधिकको पारिश्रमिक र खोप कार्ड छपाई आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ । खोप कार्यक्रम राष्ट्रिय खोप कार्यक्रम कार्यतालिका अनुसार संचालन गर्नुपर्नेछ ।

२. चिलिङ्ग भ्याट जडान

यस कार्यक्रम अन्तर्गत स्थानीय दुध उत्पादन र संकलन क्षमतालाई मध्यनजर गरि उपयुक्त क्षमताको चिलिङ्ग भ्याट जडान गर्नुपर्नेछ ।आवश्यकता अनुसार चिलिङ्ग भ्याटका साथमा मिल्क एनलाईजर र जनेरेटरको समेत व्यवस्था गर्न सकिनेछ ।

३. भेडा /चौरी/च्याङ्ग्रा प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत भौगोलिक संभाव्यता अनुसार भेडा /चौरी/च्याङ्ग्रा व्यवसाय प्रवर्द्धनका लागिदेहाय अनुसारका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(क) गोट तथा घुम्ती गोठ सुधार,
(ख) चरन खर्क सुधार, झाडी बुट्यान तथा विषालु झारपात व्यवस्थापन,
(ग) चरन क्षेत्रमा बाटो काठेपुल गोरेटो निर्माण,
(घ) चरन क्षेत्रमा पिउने पानीको व्यवस्थापन तथा मुहान संरक्षण,
(ङ) ब्याडका लागि भेडा/थुमा वा याक खरिद
(च) चौरीको दुध संकलन, ढुवानी, प्रसोधन तथा बजारिकरण
(छ) उन तथा उनजन्य उत्पादन विविधिकरण र बजारिकरण
(ज) आन्तरिक परजिवी नियन्त्रण

४. छुर्पि प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत भौगोलिक संभाब्यता अनुसार छुर्पी उत्पादन प्रवर्द्धन गर्न निम्न अनुसारका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।



सचिव

Scanned with CamScanner

(क) छुर्पी उत्पादनका लागि क्रिम सेपरेटर, ब्याच पास्चुराईजर/ स्टीम बोईलर, मिल्कएनालईजर, छुर्पी प्रेस लगायत अन्य भाँडाकुडा खरिद

(ख) छुर्पी उत्पादन सम्बद्ध भौतिक पुर्वाधार निर्माण

(ग) छुर्पी प्याकेजिङ्ग तथा ब्रान्डिङ्ग सम्बन्धी औजार तथा ब्यवस्थापकिय सामाग्री खरिद

**५. बाखा पालन प्रवर्द्धन कार्यक्रम**

यस कार्यक्रम अन्तरगत उन्नत प्रविधि अवलम्बन गरी बाखापालनका लागि खोर निर्माण/सुधार, उन्नत जातको बोका/पाठी खरिद तथा ढुवानी, फार्मको जैविक ब्यवस्थापन सम्बन्धी कार्य, डिपिङ्ग टयाङ्क निर्माण, साईलेज उत्पादन सम्बन्धी पुर्वाधार निर्माण र यन्त्र उपकरण खरिद, फार्म ब्यवस्थापन सम्बन्धी औजार उपकरण खरिद, उत्पादित बाखाको बजारिकरण सम्बद्ध क्रियाकलापहरु संचालन गर्नु पर्नेछ ।यो कार्यक्रम स्थानीय तहले आफ्नो स्थानीय तहको निश्चित क्षेत्र वा क्लस्टर तोकेर संचालन गर्नुपर्नेछ ।

**६. गाईपालन प्रवर्द्धन कार्यक्रम**

यस कार्यक्रम अन्तर्गत उन्नत प्रविधि अवलम्बन गरी गाईपालनका लागि गोठ निर्माण/सुधार, उन्नत जातको गाई/साँढे खरिद तथा ढुवानी, फार्मको जैविक ब्यवस्थापन सम्बन्धी कार्य, साईलेज उत्पादन सम्वन्धी पुर्वाधार निर्माण र यन्त्र उपकरण खरिद, घाँसको वीउ तथा सेटस खरिद, फार्म ब्यवस्थापन सम्बन्धी औजार उपकरण खरिद, उत्पादित दुधको बजारिकरण र विविधिकरण सम्वद्ध क्रियाकलापहरु संचालन गर्नुपर्नेछ ।यो कार्यक्रम स्थानीय तहले आफ्नो स्थानीय तहको निश्चित क्षेत्र वा क्लस्टर तोकेर संचालन गर्नुपर्नेछ ।

**७. बाखाको स्रोत केन्द्र विकास कार्यक्रम**

यस कार्यक्रम अन्तर्गत उन्नत प्रविधि अवलम्बन गरी बाखापालनका लागि खोर निर्माण/सुधार, उन्नत जातको प्रजननयोग्य बोका/पाठी खरिद तथा ढुवानी, फार्मको जैविक ब्यवस्थापन सम्बन्धी कार्य, डिपिङ्ग टयाङ्क निर्माण, साईलेज उत्पादन सम्वन्धी पुर्वाधार निर्माण र यन्त्र उपकरण खरिद, फार्म ब्यवस्थापन सम्बन्धी औजार उपकरण खरिद, कृत्तिम गर्भाधान उपकरण तथा सिमेन खरिदआदि क्रियाकलापहरु संचालन गर्नुपर्नेछ ।यो कार्यक्रम स्थानीय तहले आफ्नो स्थानीय तहको ब्यवसायिक बाखापालन भै रहेको क्षेत्रमा संचालन गर्नुपर्नेछ ।

**८. दुध चिस्यान केन्द्र निर्माण/ मिनि दुग्ध चिस्यान केन्द्र निर्माण**

यस कार्यक्रम अन्तर्गत दुध चिस्यान केन्द्रका लागि दुध संकलन क्षमताका आधारमा उपयुक्त चिलिङ्ग भ्याट, मिल्क एनलाईजर, जेनेरेटर तथा अन्य एक्सेसरी सामान खरिद गरि जडान गर्नुपर्नेछ । चिलिङ्ग भ्याट जडानका लागि टहरो समेत निर्माण गर्न सकिनेछ ।

**९. व्यवसायिक भैसीपालन प्रवर्द्धन**



सचिव

यस कार्यक्रम अन्तर्गत उन्नत प्रविधि अवलम्बन गरी भैसीपालनका लागि गोठ निर्माण/सुधार, उन्नत जातको भैसी/राँगो खरिद तथा ढुवानी, फार्मको जैविक व्यवस्थापन सम्बन्धी कार्य, साईलेज उत्पादन सम्बन्धी पुर्वाधार निर्माण र यन्त्र उपकरण खरिद, घाँसको वीउ तथा सेटस खरिद, फार्म व्यवस्थापन सम्बन्धी औजार उपकरण खरिद, उत्पादित दुधको बजारिकरण र विविधिकरण सम्बद्ध क्रियाकलापहरु संचालन गर्नुपर्नेछ ।यो कार्यक्रम स्थानीय तहले आफ्नो स्थानीय तहको निश्चित क्षेत्र वा क्लस्टर तोकेर संचालन गर्नुपर्नेछ ।

१०. मासु बजार निर्माण

यस कार्यक्रम अन्तर्गत स्थानीय तह मातहत रहेका बजारमा मासु विक्री वितरणका लागि पशुवधशाला र मासु जाँच प्राविधिक निर्देशिका, २०६४ अनुसार मासु विक्री वितरणपुर्वाधार निर्माण गर्नु पर्नेछ ।पुर्वाधार निर्माण सार्वजनिक वा पालिकाको जग्गामा गर्नुपर्नेछ।

११. पशु अस्पताल निर्माण

यस कार्यक्रम अन्तर्गत स्थानीय तहले आफ्नो क्षेत्रभित्र पशुपन्छीको प्राथमिक उपचारका लागि पशु अस्पताल निर्माण गर्नु पर्नेछ । पशु अस्पताल स्थानीय तहको आफ्नै वा सार्वजनिक जग्गामा स्थापना गर्नुपर्नेछ । पशु अस्पतालमा आवश्यक यन्त्र उपकरण सहित्त उपचार कक्ष, रोग निदान कक्ष (परजिवी परीक्षण, रगत परीक्षण कल्चर परीक्षण, माईक्रोबायोलोजिकल परीक्षण सेवा सहित), पोस्ट मार्टम कक्ष, निर्मलिकरण (Sterilization) कक्ष र बायोलोजिकल पिट जस्ता पुर्वाधारहरु अनिवार्य रुपमा समावेश हुनुपर्नेछ ।पशु अस्पताल निर्माण पुर्व स्थानीय तहले तयार गरेको पशु अस्पतालको डिजायनमा न्यूनतम पुर्वाधार र यन्त्र उपकरण समावेश भए नभएको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट सहमति लिएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ ।

१२. गौशाला निर्माण/ गौशला गाई गोठ सुधार

गौशाला निर्माण कार्यक्रम अन्तर्गत गौशालामा गाईको लागि गोठ निर्माण/सुधार, गोबर व्यवस्थापन पिट निर्माण तथा प्राङ्गरीक मल उत्पादन सम्बन्धी पुर्वाधार र यन्त्र उपकरण खरिद तथा जडान सम्बद्ध क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

१३. दुधजन्य पदार्थ संकलन प्रशोधन तथा बजारीकरण कार्यक्रम

यस कार्यक्रम अन्तर्गत दुध संकलन, प्रसोधन, भण्डारण र बजारिकरण सम्बन्धी पुर्वाधार निर्माण, यन्त्र उपकरण, ढुवानी साधन लगायतका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

१४. बधस्थल निर्माण

बधस्थल निर्माणगर्दा पशुवधशाला र मासु जाँच प्राविधिक निर्देशिका, २०६४ मा उल्लेखित पशु बधस्थल सम्बन्धी न्यूनतम पुर्वाधारहरु समावेश गर्नुपर्नेछ ।वधस्थल निर्माण सार्वजनिक वा पालिकाको जग्गामा गर्नुपर्नेछ।



Scanned with CamScanner

१५. बंगुर पालन प्रवर्द्धन तथा पुर्नस्थापना कार्यक्रम

यस कार्यक्रम अन्तर्गत विगतमा बंगुरपालनमा संलग्न किसानहरुलाई अफ्रिकन स्वाईन फिभरका कारण भएको क्षति पश्चात पुनः बंगुरपालन शुरुवातका लागि आवश्यक बंगुरका पाठापाठी खरिद तथा पुनर्स्थापनाका लागि स्थानीय तहले किसानहरुको माग अनुरुपका अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

१६. कोदो खेती प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत उन्नत जातको कोदोको बीउ खरिद, प्रति क्लस्टर न्यूनतम एउटा कोदो चुटने तथा पिसने मेशिन, कोदो प्याकिङ्ग तथा ब्रान्डिङ्ग सम्बन्धी औजार तथा व्यवस्थापकिय सामाग्री खरिद तथा वितरण गर्न सकिनेछ ।प्रति किसान न्यूनतम २ रोपनीको दरले २० रोपनीको क्लस्टरमा कार्यक्रम संचालन गर्नुपर्नेछ ।

१७. सिताके च्याउ खेति उत्पादन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत सिताके च्याउ उत्पादन सम्वद्ध पुर्वधार निर्माण तथा सामाग्री खरिद, सिताके च्याउको वीउ खरिद र सिताके च्याउ बजारिकरण सम्वन्धी क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

१८. पुत्को पालन प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत लोपोन्मुख पुत्को प्रजातिवाट मह उत्पादन, बजारिकरण, विज्ञको सहायतामा माहुरीको पुत्को प्रजातिकोबारेमा अध्ययन, घार निर्माण, समुदाय स्तरमा पुत्को संरक्षण तथा प्रवर्द्धनकाका लागि सचेतनात्मक कार्यक्रम संचालन गर्न सकिनेछ ।

१९. मौरी पालन प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत माहुरीको उन्नत घार, माहुरीको गोला, मह उत्पादन, मह प्रसोधन/प्याकेजिङ्ग र बजारिकरण सम्वद्ध यन्त्र उपकरण खरिद, मौरी चरनको क्षेत्र विस्तार तथा संरक्षण आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

२०. उखु खेति प्रवर्द्धन तथा सख्खर उत्पादन कार्यक्रम

उखु खेती प्रवर्द्धन अन्तर्गत पहाडी क्षेत्रमा उत्पादन हुने उखु खेतीको क्षेत्र विस्तारका लागि उत्पादन सामाग्री, यन्त्र उपकरण तथा सिचाई व्यवस्थापन सम्वन्धी क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।सख्खर उत्पादन कार्यक्रम तर्फ उखु पेल्ने आधुनिक यन्त्र उपकरण खरिद, गुणस्तरीय सख्खर उत्पादन, प्रसोधन, ब्रान्डिङ्ग र बजारिकरण सम्वद्ध क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

५

Scanned with CamScanner

२१. उखु खेति प्रवर्द्धन तथा प्रशोधन

उखु खेती प्रवर्द्धन अन्तर्गत पहाडी क्षेत्रमा उत्पादन हुने उखु खेतीको क्षेत्र विस्तारका लागि उत्पादन सामाग्री, यन्त्र उपकरण तथा सिचाई ब्यवस्थापन सम्बन्धी क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।सख्खर उत्पादन कार्यक्रम तर्फ उखु पेल्ने आधुनिक यन्त्र उपकरण खरिद, गुणस्तरीय सख्खर उत्पादन, प्रसोधन, ब्रान्डिङ्ग र बजारिकरण सम्बद्ध क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

२२. रैथाने बाली ताक्मारु धान उत्पादन तथा ब्रान्डिङ्ग कार्यक्रम

यस कार्यक्रम अन्तर्गत ताक्मारु धान उत्पादन प्रवर्द्धनका लागि उत्पादन सामाग्री, प्रसोधन, मिलिङ्ग तथा ब्रान्डिङ्गका लागि आवश्यक यन्त्र उपकरण खरिद सम्बन्धी क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

२३. रैथाने बाली प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत  कोदो, फापर, जौ, उवा लगायत स्थानीय स्तरमा उपलब्ध अन्य रैथाने बाली उत्पादन गर्न सकिनेछ ।रैथाने बालीको बीउ खरिद, प्रति क्लस्टर न्यूनतम एउटा प्रसोधन गर्ने मेशिन,  प्याकिङ्ग तथा ब्रान्डिङ्ग सम्बन्धी औजार तथा अन्य ब्यवस्थापकिय सामाग्री खरिद तथा वितरण गर्न सकिनेछ । रैथाने बाली न्यूनतम २० रोपनीको क्लस्टरमा कार्यक्रम संचालन गर्नुपर्नेछ ।

२४. गुलाब खेती प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत गुलाब खेतीका लागि आवश्यक उन्नत जातको विरुवा/कटिङ्ग खरिद, यन्त्र तथा औजार खरिद, नर्सरी स्थापना, समुदायस्तरमा तालिम तथा संभाब्यताका लागि विशेषज्ञ सेवा खरिद, तालिम र गुलाबको बजारिकरण सम्बन्धी क्रियाकलाप संचालन गर्न सकिनेछ ।

२५. सेतो भटमास विस्तार तथा उत्पादन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत उन्नत तवरवाट भटमास खेतीका लागि उन्नत जातको वीउ खरिद तथा ढुवानी, जग्गा तयारीका लागि साना यन्त्र उपकरण खरिद, भटमास थ्रेसिङ्ग तथा प्याकेजिङ्ग सम्वद्ध यन्त्र उपकरण खरिद जस्ता क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।यस कार्यक्रम अन्तर्गत सेतो रङ्ग भएका जातको भटमास खेती गर्नुपर्नेछ ।

२६. ओखर खेती प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत स्थानीय तहले निश्चित क्षेत्र अथवा क्लस्टर छनोट गरि ब्यवसायिक ओखर बगैचा स्थापना गर्नुपर्नेछ ।कार्यक्रम अन्तर्गत उन्नत जातको ओखरको विरुवा खरिद तथा ढुवानी, बगैचामा सिचाई ब्यवस्थापन, बगैचा स्थापनाका लागि आवश्यक साना यन्त्र उपकरण खरिद आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।



Scanned with CamScanner

### २७. बाँझो जग्गामा फलफूल उत्पादन प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत स्थानीय तहले पहिले खेती गरिदै आएको तर हाल बाँझै छोडिएको तथा बाँझो रहने संभावना भएको निश्चित क्षेत्र अथवा क्लस्टर छनोट गरि व्यवसायिक फलफूल बगैचा स्थापना गर्नुपर्नेछ ।कार्यक्रम अन्तर्गत फलफूलको उन्नत जातको विरुवा खरिद तथा ढुवानी, बगैचामा सिचाई व्यवस्थापन, बगैचा स्थापनाका लागि आवश्यक साना यन्त्र उपकरण खरिद आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

### २८. व्यवसायिक केरा खेती/ केरा खेति प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत स्थानीय तहले निश्चित क्षेत्र अथवा क्लस्टर छनोट गरि व्यवसायिक केरा बगैचा स्थापना गर्नुपर्नेछ ।कार्यक्रम अन्तर्गत उन्नत जातको केराको विरुवा खरिद तथा ढुवानी, बगैचामा सिचाई व्यवस्थापन, बगैचा स्थापनाका लागि आवश्यक साना यन्त्र उपकरण खरिद आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

### २९. तोरी उत्पादन तथा प्रशोधन कार्यक्रम/ तेलहन वाली प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत उन्नत प्रविधि अवलम्बन गरी तोरी खेतीका लागि उन्नत बीउ खरिद तथा ढुवानी, तोरी प्रसोधन थ्रेसर खरिद, तोरी प्रसोधन गरी तेल निकाल्ने तथा ब्रान्डिङ्ग प्याकेजिङ्ग गर्ने मेशनरी यन्त्र उपकरण खरिद आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ । यो कार्यक्रम स्थानीय तहले आफ्नो स्थानीय तहको निश्चित क्षेत्र वा क्लस्टर लक्षित गरि संचालन गर्नुपर्नेछ ।

### ३०. किवी खेती प्रवर्द्धनका लागि माच निर्माण

यस कार्यक्रम अन्तर्गत व्यवसायिक किवी बगैचाहरुमा माच निर्माण तथा ब्यवस्थापनको काम गर्नुपर्नेछ ।माच निर्माणमा फलामे खम्बा र ग्यालभनाईज आईरन (GI) तारको प्रयोग गर्नुपर्नेछ ।

### ३१. सुन्तला खेती विस्तार तथा प्रशोधन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत स्थानीय तहले निश्चित क्षेत्र अथवा क्लस्टर छनोट गरि व्यवसायिक सुन्तला बगैचा स्थापना गर्नुपर्नेछ ।कार्यक्रम अन्तर्गत उन्नत जातको सुन्तलाको विरुवा खरिद तथा ढुवानी, बगैचामा सिचाई व्यवस्थापन, बगैचा स्थापनाका लागि आवश्यक साना यन्त्र उपकरण खरिद आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ । सुन्तालाजात फलफूल प्रसोधन गरी अचार, स्कवास, जाम, जेली तयारी गर्न यन्त्र, उपकरण र व्यवसथापकिय सामाग्री समेत खरिद गर्न सकिनेछ ।

### ३२. बेसार उत्पादन तथा प्रसोधन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत उन्नत प्रवधि अवलम्बन गरि बेसार खेती गर्न उच्च उत्पादन दिने बेसारको बीउ खरिद तथा ढुवानी, बेसार प्रसोधन, ब्रान्डिङ्ग प्याकेजिङ्ग लागि आवश्यक यन्त्र उपकरण खरिद आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।



Scanned with CamScanner

३३. गौशाला निर्माण/ गौशला गाई गोठ सुधार

गौशाला निर्माण कार्यक्रम अन्तर्गत गौशालामा गाईको लागि गोठ निर्माण/सुधार, गोबर व्यवस्थापन पिट निर्माण तथा प्राङ्गारीक मल उत्पादन सम्बन्धी पुर्वाधार र यन्त्र उपकरण खरिद तथा जडान सम्बद्ध क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

३४. गहासुधार तथा चक्लाबन्दी खेती प्रवर्द्धन

यस कार्यक्रमअन्तर्गत ब्यवसायिक उत्पादनका लागि यन्त्र उपकरणको प्रयोग अभिबृद्धि गर्न स-साना आकारका गहा सुधार गरी जमिनका ठुला चक्लाहरुको स्थापना गर्नुपर्नेछ ।यसका लागि जग्गाको चक्लाको आकार न्यूनतम दुई कठ्ठाको हुनुपर्नेछ ।जग्गाको प्रकृति अनुसार गहा सम्याउनका लागि स्थानीय तहले लागत स्टमेट तयार गरि किसानको न्यूनतम पच्चीस प्रतिशत लागत सहभागिता हुने गरी गहा सुधार खर्च उपलब्ध गराउनुपर्नेछ । गहा सुधार गर्दा संभब भएसम्म ल्यान्ड लेभलरको समेत प्रयोग गर्नुपर्नेछ ।गहासुधार गरिएको क्षेत्रमा संभाब्यता अनुसार सतह सिचाई अथवा भूमिगत सिचाईको पुर्वाधार समेत निर्माण गर्न सकिनेछ ।गहा सुधार पश्चात ब्यवसायिक बाली उत्पादनको कार्य स्थानीय तह आफैले संचालन गर्नुपर्नेछ ।

३५. तोरी खेति तथा मौरी पालन प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत उन्नत प्रविधि अवलम्बनगरी तोरी खेतीका लागि उन्नत वीउ खरिद तथा ढुवानी, तोरी प्रसोधन थ्रेसर खरिद, तोरी प्रसोधनं गरी तेल निकाल्नेतथा ब्रान्डिङ्ग प्याकेजिङ्ग गर्ने मेशनरी यन्त्र उपकरण खरिद आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ । मौरीपालन प्रवर्द्धनका लागि माहुरीको उन्नत घार, माहुरीको गोला आदि खरिद तथा वितरण गर्न सकिनेछ।

३६. तोरी खेति प्रवर्द्धनका लागि तोरी प्रसोधन यन्त्र उपकरण खरिद कार्यक्रम

यस कार्यक्रम अन्तर्गत उन्नत प्रविधि अवलम्बनगरी तोरी खेती गर्ने क्षेत्रमा तोरी प्रसोधन थ्रेसर खरिद, तोरी प्रसोधन गरी तेल निकाल्ने तथा ब्रान्डिङ्ग प्याकेजिङ्ग गर्ने मेशनरी यन्त्र उपकरण खरिद आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ । यो कार्यक्रम स्थानीय तहले आफ्नो स्थानीय तहको निश्चित क्षेत्र वा क्लस्टर लक्षित गरी संचालन गर्नुपर्नेछ ।

३७. कृषि यन्त्रिकरण प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत भौगोलिक अवस्था र स्थानीय आवश्यकता अनुसार खेतीपातीका लागि जग्गा तयारी, बाली रोप्ने, बाली काटने, थ्रेसिङ्ग गर्ने, प्रसोधन गर्ने, फलफूलबाली काँटछाँट गर्ने तथा झार्ने, एट्याचमेन्ट लगायतका यन्त्र औजार, उपकरण खरिद तथा वितरण गर्ने सकिनेछ।



सचिव

Scanned with CamScanner

### ३८. कष्टम ह्यारीङ्ग सेन्टर स्थापना

यस कार्यक्रम अन्तर्गत देहाय अनुसारका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(क) कृषि यन्त्र उपकरण राख्नको लागि आवश्यक भौतिक पुर्वाधार सेड/टहरो निर्माण गर्ने

(ख) जग्गा सम्याउने, जग्गा जोत्ने/ तयारी गर्ने, बाली रोप्ने, बाली काटने, झार नियन्त्रण गर्ने, थ्रेसिङ्ग गर्ने, प्रसोधन गर्ने लगायतका यन्त्र उपकरण र औजार लगायत एटयाचमेन्टहरु खरिद

(ग) कष्टम ह्यारिङ्ग सेन्टर दिगो रुपमा संचालन विधि तयार गरि समुदायमा सहुलियत दरमा कृषि यन्त्र, उपकरण उपलब्ध गराउनु पर्नेछ।

### ३९. प्राङ्गारीक मल उत्पादन पुर्वाधार निर्माण

यस कार्यक्रम अन्तर्गत प्राङ्गारीक मल उत्पादन सम्वद्ध पुर्वाधार (टहरो/सेड) निर्माण, प्राङ्गारीक मल उत्पादन तथा प्याकिङ्ग गर्ने यन्त्र उपकरणहरु खरिद गर्न सकिनेछ ।

### ४०. कृषि बजार निर्माण कार्यक्रम

यस कार्यक्रम अन्तर्गत कृषि बजार सम्वद्ध पुर्वाधारहरुको निर्माणमा खर्च गर्नुपर्नेछ ।

### ४१. कृषि तथा पशुपंक्षी बजार निर्माण निरन्तरता

यस कार्यक्रम अन्तर्गत विगत वर्षहरुमा शुरुवात भई निर्माणाधिन रहेका कृषि तथा पशुपन्छी बजारहरुको निर्माणको निरन्तरतामा खर्च गर्नुपर्नेछ ।

### ४२. सिमल तरुलवाट साबुदाना उत्पादन पुर्वाधार निर्माण

यस कार्यक्रम अन्तर्गत सिमल तरुलबाट साबुदाना उत्पादनका लगि आवश्यक, यन्त्र उपकरण खरिद तथा जडान, भौतिक पुर्वाधार (उत्पादन गृह र सम्वद्ध अन्य पुर्वाधार) निर्माण प्रयोजनमा खर्च गर्न सकिनेछ ।

### ४३. माटो तथा पशुपन्छी प्रयोगशाला मेशिनरी खरिद

यस कार्यक्रम अन्तर्गत स्थानिय तह आफैले संचालन गर्ने माटो तथा पशुपन्छी प्रयोगशालाका लागि आवश्यक यन्त्र उपकरणहरु खरिद तथा जडान गर्न सकिनेछ ।

### ४४. स्यालो टयुबवेल तथा मोटर जडान

यस कार्यक्रम अन्तर्गत सिंचाई प्रयोजनका लागि बोरिङ्ग गर्ने र पानी तान्ने मोटर जडान गर्ने सम्बन्धि क्रियाकलापहरु पर्दछ।यो कार्यक्रम अन्तर्गत एउटा मोटर बोरिङ्गले न्यूनतम ३ हेक्टर क्षेत्रफलमा सिचाई गरेको हुनुपर्नेछ ।

४५. कृषि औजार तथा उपकरण निर्माणमा सहयोग

यस कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा कृषि औजार तथा उपकरण निर्माण गर्ने ब्यवासायीलाई उनीहरुको ब्यवासायको स्तरोन्नतिका लागि पुर्वाधार निर्माण तथा यन्त्र उपकरण खरिदमा सहयोग उपलब्ध गराउन सकिनेछ ।

४६. कुलो/पैनी मर्मत

यस कार्यक्रम अन्तर्गत सिचाई प्रयोजनका लागि प्रयोग हुदै आएको कुलो/पैनीको स्तरोन्नति तथा मर्मत संभारका कार्यहरु संचालन गर्न सकिनेछ ।

४७. ईनार बोरिङ्ग तथा स्यालो टियुबवेल निर्माण

ईनार सिचाई कार्यक्रम अन्तर्गत बोरिङ्ग संभव नहुने क्षेत्रमा सिंचाई प्रयोजनका लागि ईनार खन्ने तथा पानी तान्ने मोटर जडान गर्ने सम्बन्धि क्रियाकलापहरु पर्दछन । स्यालो टियुबवेल निर्माण तर्फ बोरिङ्ग संभवहुने क्षेत्रमा बोरिङ्ग गर्ने र पानी तान्ने मोटर जडान गर्ने सम्वन्धि क्रियाकलापहरु पर्दछन। यो कार्यक्रम अन्तर्गत एउटा मोटर बोरिङ्गले न्यूनतम३ हेक्टर क्षेत्रफलमा सिचाई गरेको हुनुपर्नेछ । स्थानीय तहले आफ्नो आवश्यकता र संभाव्यताका आधारमा ईनार सिचाई, स्यालो टियुबवेल वा दुवै मध्ये एक कार्यक्रम मात्र पनि संचालन गर्न सक्नेछ ।

४८. सोलर सिचाई जडान

यस कार्यक्रम अन्तर्गत सिचाई प्रयोजनका लागि बोरीङ्ग, सोलार प्यानल खरिद तथा जडान लगायतका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

४९. तरकारी संकलन केन्द्र निर्माण

तरकारी संकलन केन्द्रनिर्माणअन्तर्गत ब्यवसायिक तरकारी उत्पादन गरी संकलनहुने स्थानमा संकलनटहरा/पुर्वाधार निर्माण, शौचालय,संकलन केन्द्र परिसरको स्तरोन्नती र डिजिटल तराजु खरिद आदि कार्यहरु गर्न सकिनेछ । संकलन केन्द्र स्थापना सार्वजनिक जग्गा, जल उपभोक्ता समिति, स्थानीय तहको स्वामित्वमा रहेको जग्गामा गर्न सकिनेछ ।

५०. संकलन केन्द्र मर्मत

संकलन केन्द्र ममर्त अन्तर्गत ब्यवसायिक तरकारी उत्पादन गरी संकलनहुने स्थानमा संचालनमा रहेको संकलन केन्द्र परिसरको मर्मत तथा स्तरोन्नती सम्बद्ध कार्यहरु गर्न सकिनेछ ।



सचिव

Scanned with CamScanner

५१. कोल्ड स्टोर परिसर घेरावार तथा ग्राउन ढलान

यस कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न कोल्ड स्टोर परिसरमा घेरवार, चौकिदार कक्ष निर्माण तथा ग्राउन्ड ढलान आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

५२: फलफूल तथा तरकारी बजार पुर्वाधार सुदृढीकरण

यस कार्यक्रम अन्तर्गत फलफूल तथा तरकारी बजारको भत्केको कम्पाउन्ड बाल निर्माणलगायत बजारमा रहेका पुर्वाधारहरुको सुदृढीकरणसम्बन्धी क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

५३. अपुर्ण गोदाम घर निर्माण

यस कार्यक्रम अन्तर्गत विगतमा शुरुवात गरि निर्माणाधिन रहेको गोदाम घर निर्माण सम्बन्धी क्रियाकलापहरु संचालन गर्न सकिनेछ

५४. एग्रो प्रोसेसिङ्ग सेन्टरका लागि मेशिनरी खरिद

यस कार्यक्रम अन्तर्गत स्थानीय तहले स्थापना गरेको एग्रो प्रोसेसिङ्ग सेन्टरका लागि आवश्यक विभिन्न वाली र कृषि उपजहरु प्रसोधन गर्ने मेशिनरी उपकरण खरिद तथा जडान सम्बद्ध कार्यहरु गर्न सकिनेछ ।

सचिव



Scanned with CamScanner